मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १४८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८३ बैशाख ४ गते शुक्रबार (Friday, 17 April. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## साढे ४ करोड ठगेको आरोपमा दुई जना पक्राउ

**काठमाडौँ, बैशाख ३।** प्रहरीले काठमाडौँबाट ४ करोड ५० लाख रुपैयाँ ठगेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा स्याङ्जा घर भएर काठमाडौँ बस्दै आएका ६२ वर्षीय शान्तिरमण पङ्गेनी र काठमाडौँको टोखा नगरपालिका-७ घर भएका ५८ वर्षीय टीका पङ्गेनी रहेका छन्।

आरोपीहरूलाई बुधवार टोखाबाट पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी रामेश्वर कार्कीले बताए। कमलप्रसाद ज्ञवालीले दिएको जाहेरीको

*(बाँकी अन्तिम पृष्ठमा)*

## अब राहदानी र लाइसेन्स घरदैलोमै

**काठमाडौँ, वैशाख ३।** सेवा प्रवाहलाई नागरिकको घरदैलोमा पुऱ्याउने लक्ष्यसहित सरकारले अघि सारेको योजना अनुरुप राहदानी र सवारीचालक अनुमति-पत्र ( लाइसेन्स) अब घरमा पुऱ्याउन थालिएको छ।

यस्ता सेवा लिनका लागि सदरमुकाम वा सम्बन्धित कार्यालयसम्मको लामो यात्रा गर्नुपर्ने, घण्टौं लाइन बस्नुपर्ने, बिचौलियाको भर पर्नुपर्ने र पटक-पटक धाउनुपर्ने अवस्थाको अन्त्य गर्न अब राज्य आफैँ नागरिकको ढोकासम्म पुग्न थालेको हो। हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराईका अनुसार मकवानपुर, म्याग्दी, डडेलधुरालगायत जिल्लामा परीक्षण स्वरूप यो सेवा प्रारम्भ भइसकेको छ। संखुवासभा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)लगायत जिल्लामा अन्तिम तयारी भइरहेको छ भने सबैजसो जिल्ला हुलाकले कसरी सेवा दिने भनेर आ-आफ्नो योजना बनाइरहेका छन्।

यो कार्यक्रमलाई कार्यान्वयन गर्न सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिना सक्रियतापूर्वक लागिरहेका छन्। सबै निकायबीचको समन्वय तथा सहकार्यमा कार्ययोजना बनाइ लागू गर्न र कार्यान्वयनका क्रममा देखिनसक्ने सम्भावित जटिलताबारे तत्काल मन्त्रालयलाई



जानकारी गराउन विभागलाई निर्देशन दिइएको छ। सरकारले गत चैत १३ गते सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा पासपोर्ट, नागरिकता प्रतिलिपि, लाइसेन्सलगायत सरकारी कागजातहरू घरमै पुऱ्याउने व्यवस्था १०० दिनभित्र लागू गर्ने घोषणा गरेको थियो।

विगत केही वर्षदेखि निष्क्रिय प्रायः हुलाक सेवा विभागलाई सरकारले पुनः सशक्त बनाउने रणनीति लिएको छ। घरघरमा चिठ्ठीपत्र पुऱ्याउँदै आएको हुलाकलाई सरकारी 'कुरियर सेवा'मा रूपान्तरण गर्ने योजना कार्यान्वयनमा ल्याइएको छ। यसका लागि राहदानी विभाग, यातायात व्यवस्था विभाग, जिल्ला प्रशासन कार्यालय र हुलाक कार्यालयबीचको समन्वयलाई प्राथमिकता दिइएको छ। ठेगाना प्रणाली अभावका कारण यो सेवा विस्तार त्यति सहज नभएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी सिर्जना थपलिया बताउँछिन्।

त्यसैगरी, यो प्रणाली कार्यान्वयन गर्न 'पोस्टल ट्र्याकिङ' प्रणालीको विकास, 'एसएमएस'बाट सूचना प्रवाह, जनशक्ति अभाव, दुर्गम क्षेत्रमा सवारी साधनको कमीलगायत समस्या समाधान गर्न जरुरी छ। बृहत् क्षेत्र भएका जिल्लामा हुलाक सेवा विस्तार गर्न थप स्रोत र पूर्वाधार आवश्यक भएको उनको कथन छ। हुलाक सेवा विभागले कर्मचारीलाई तालिम दिने र आवश्यक परे नयाँ जनशक्ति परिचालन गर्ने योजना बनाएको जनाएको छ। देशव्यापी रुपमा यो कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न अझै समय लाग्ने देखिन्छ।

अहिलेको राहदानीसम्बन्धी विवरण सङ्कलन गर्ने र

*(बाँकी अन्तिम पृष्ठमा)*

## शुल्क फिर्ता निर्देशनपछि निजी बिद्यालयमाथि दवाव

**काठमाडौँ, वैशाख ३।** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी लगानीका विद्यालयहरुले कानून विपरीत उठाउँदै आएको भर्ना र अन्य शुल्क फिर्ता गराउन निर्देशन दिएपछि अभिभावकहरुले नियमितरुपमा गुनासो टिपाउन थालेका छन्।

मन्त्रालयको निर्देशन कार्यान्वयनका लागि लिखित रुपमा सबै स्थानीय तहलाई अनुरोध गर्नाका साथै भक्तपुरस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सहायता कक्ष स्थापना गरिएको छ।

केन्द्रका निर्देशक निर्मलप्रसादसिंह राठौरले विद्यार्थी भर्ना शुल्कलगायत विषयमा विभिन्न माध्यमबाट सरकारी निकायलाई प्राप्त गुनासा समयमा सम्बोधन गरी सेवा प्रवाहको प्रभावकारिता वृद्धिमा सहायता कक्ष क्रियाशील रहेको बताएका छन्।

मेरो मोबाइल नम्बर र इमेल पनि सार्वजनिक गरिएकाले मलाई हरेक क्षण अभिभावकको फोन आइरहन्छ। उठाएरै भ्याइन्नँ- निर्देशक राठौरले भने- फोनबाट समाधान हुने विषय फोनबाटै नै सम्बोधन गर्दै आएको छु। इमेलबाट प्राप्त गुनासा एकीकृत गरेर महानिर्देशकसमक्ष पेश गरेको छु। कतिपय अभिभावकमा भर्ना र वार्षिक शुल्कका विषयमा अस्पष्टता भएकाले पनि गुनासो बढेको पाइएको छ।

शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम १४६मा विद्यालयले लिन पाउने शुल्क तथा धरौटीको व्यवस्था छ। उक्त दफामा विद्यालयले मासिक पढाइ शुल्क, कूल दुई महिनाको पढाइ शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकुद, अतिरिक्त क्रियाकलाप,



प्रयोगशाला, मर्मत सम्भार, पुस्तकालय र प्राथमिक उपचार, वार्षिक शुल्क, विद्यालयमा पहिलोपटक भर्ना हुँदा एक पटकको लागि भर्ना हुने कक्षाको मासिक पढाइ शुल्कमा नबढ्ने गरी भर्ना शुल्क लिन पाउने प्रबन्ध गरिएको छ।

यसैगरी, विविध शीर्षकमा परीक्षा शुल्क, कम्प्युटर शुल्क, स्थानान्तरण प्रमाण-पत्र शुल्क, विशेष प्रशिक्षण (जुडो, मार्शल आर्टस्, पौडी, गायन, नृत्य) शुल्क, आवास शुल्क, परिवहन शुल्क, भोजन शुल्क लिन सकिने नियमावलीले व्यवस्था गरेको छ।

नियमावलीको नियम १४७मा विद्यालयले विद्यार्थीसँग लिने अधिकतम् शुल्क बिद्यालयको वर्गीकरणका आधारमा तोकी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइले शैक्षिकसत्र शुरु हुनु भन्दा तीन महिना अगावै सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ।

विद्यालय व्यवस्थापन समितिले शिक्षक-अभिभावक

*(बाँकी अन्तिम पृष्ठमा)*

## वृद्धा र बालिकामाथि जवरजस्ती करणी

**झापा, वैशाख ३।** ताप्लेजुङमा ६९ वर्षीया वृद्धालाई जबरजस्ती करणी गरेको आरोपमा एक व्यक्ति पक्राउ परेका छन्।

प्रहरीका अनुसार शारीरिक रुपमा समेत अशक्त रहेकी वृद्धालाई जबरजस्ती करणी गर्ने व्यक्ति पक्राउ परेका हुन्। जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका सूचना अधिकारी एवम् प्रहरी निरीक्षक आशिस पोखरेलका अनुसार वृद्धालाई जबरजस्ती करणी गरेको आरोपमा साङ्केतिक वतन ०१-९का २९ वर्षीय बिनोद सार्की पक्राउ परेका छन्।

विभिन्न डरत्रास र धम्की देखाई गएको सोमबार राति वृद्धालाई जबरजस्ती करणी गरेको आरोपमा सार्कीलाई इलाका प्रहरी कार्यालय तेल्लोकबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको प्रहरी निरीक्षक पोखरेलले जानकारी दिए। उनका अनुसार तेल्लोकबाट खटेको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा लुकिछिपी बसेको अवस्थामा सार्कीलाई पक्राउ गरेको हो। यता पक्राउ परेका सार्कीलाई घटनाका विषयमा आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

उता धनकुटामा बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ। १३ वर्षीया बालिकामाथि यौनजन्य हिंसा गरेको आरोपमा महालक्ष्मी नगरपालिकाका ४२ वर्षीय धनबहादुर गिरी पक्राउ परेका हुन्।

महालक्ष्मी नगरपालिका-६ गुठ बस्ने गिरीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्दै प्रहरीमा उजुरी परेको थियो। सोही उजुरीका आधारमा प्रहरी चौकी लेगुवाबाट खटिएको टोलीले उनलाई बुधबार साँझ घरैबाट पक्राउ गरेको हो। पक्राउ परेका गिरीमाथि थप कानूनी कारबाहीका लागि प्रहरीले आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाएको छ।

## मूल्यवृद्धिले झापाका ५०० बढी योजना प्रभावित

**झापा, वैशाख ३।** निर्माण सामग्रीमा भएको अस्वाभाविक मूल्यवृद्धिका कारण विकास निर्माणका काम प्रभावित भएको निर्माण व्यवसायीले बताएका छन्।

निर्माण व्यवसायीहरूले सिमेन्ट, फलामे छड, बालुवा र गिट्टीलगायत सामग्रीको मूल्य निरन्तर बढ्दै जाँदा निर्माण क्षेत्र संकटमा परेको बताएका हुन्। निर्माण व्यवसायी संघ झापाले पत्रकार सम्मेलन गरी चालूआर्थिक वर्षदेखि नै निर्माण सामग्रीको मूल्यमा तीव्र वृद्धि भएको जनाएको छ। संघका अध्यक्ष रमेश अधिकारीका अनुसार ठेक्का सम्झौताका बेला गरिएको लागत अनुमानभन्दा बजार मूल्य धेरै माथि पुगेपछि काम सञ्चालन गर्न व्यवसायीलाई गम्भीर कठिनाइ भएको हो।

'निर्माण सामग्रीको मूल्य अनियन्त्रित रूपमा बढ्दा कतिपय आयोजना बीचमै रोकिने अवस्था आएको छ'- अध्यक्ष अधिकारीले भने- 'यस्तो अवस्थामा सरकारले व्यवसायीलाई राहत दिने कार्यक्रम ल्याउनुपर्छ।' संघका अनुसार मूल्यवृद्धिको प्रमुख कारण कृत्रिम अभाव, आपूर्ति व्यवस्थापनमा कमजोरी तथा प्रभावकारी बजार अनुगमनको अभाव हो। सीमित आपूर्तिकर्ताले बजारमा प्रभाव जमाउँदै मूल्य बढाएको आशंका गरिएको छ, जसका कारण प्रतिस्पर्धा घटेर उपभोक्ता र निर्माण व्यवसायी दुवै मारमा परेका छन्।

संघका महासचिव पुष्पराज निरौलाले हालको मूल्यवृद्धिले सरकारी तथा निजी दुवै प्रकारका आयोजनामा प्रत्यक्ष असर परेको बताए। 'समयमै काम सम्पन्न गर्न नसक्दा राज्यको विकास लक्ष्यमै बाधा पुग्ने अवस्था देखिएको छ'- उनले भने। निर्माण क्षेत्रमा देखिएको अनिश्चितताले रोजगारी र लगानीमा समेत नकारात्मक प्रभाव पार्ने संघले चेतावनी दिएको छ। समस्या समाधानका लागि तत्काल बजार अनुगमनमा कडाइ गर्न, निर्माण सामग्रीको मूल्य नियन्त्रण गर्न तथा आवश्यक परे मूल्य समायोजनको व्यवस्था लागू गर्न सरकारसँग माग गरिएको छ।

ठेक्का सम्झौतामा मूल्यवृद्धि समेट्ने स्पष्ट नीतिगत व्यवस्था नभएसम्म व्यवसायीले जोखिम वहन गर्न नसक्ने संघको भनाइ छ। दीर्घकालीन रूपमा निर्माण सामग्रीको आपूर्ति प्रणाली व्यवस्थित गर्न, कालोबजारी र कृत्रिम अभाव नियन्त्रण गर्न तथा प्रतिस्पर्धी बजार सुनिश्चित गर्न नीतिगत सुधार आवश्यक रहेको संघले औँल्याएको छ।

संघका अध्यक्ष अधिकारीले राष्ट्रिय गौरवका आयोजनालाई मात्रै नदीजन्य निर्माण सामग्री उपलब्ध गराइएको भन्दै साना निर्माण व्यवसायी झन् मारमा परेको बताए। 'निर्माण सामग्री अभावकै कारण अब काम रोक्नुको विकल्प छैन- उनले भने। अध्यक्ष अधिकारीका अनुसार बिटुमिन, डिजेल, पेट्रोल र फलामे डण्डीलगायत सामग्रीको खपत ४० प्रतिशतभन्दा बढी हुने भए पनि मूल्यवृद्धिको मारसँगै नदीजन्य सामग्री अभावले थप समस्या निम्तिएको छ।

व्यवसायीहरूले विभिन्न सप्लायर्ससँग सम्झौता गरेर सामग्री लिएको भए पनि सरकारी निकायबाट समयमै भुक्तानी नहुँदा थप समस्या भएको बताएका छन्। सप्लायर्सले बारम्बार

*(बाँकी अन्तिम पृष्ठमा)*

## पुलमुनि नवजात शिशु फेला, नाबालिका पक्राउ

**झापा, बैशाख ३।** झापामा पुलमुनि नवजात शिशुको शव फेला परेको छ।

शिवसताक्षी-३ भोटे पुलमुनि नवजात शिशुको (छोरा) शव फेला परेको हो। घटनाबारे प्रहरी चौकी धरमपुरमा जानकारी प्राप्त भएपछि प्रहरी टोली खटिएको थियो। कानूनी प्रक्रिया पूरा गरि शव पोस्टमार्टमको लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ।

सो घटनाका बारेमा अनुसन्धान गर्न १६ वर्षीया एक नाबालिकालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। उनले जन्माएर फालेको आशंका गरिएको छ। ती नवजात शिशु मृत नै जन्मिएको वा नाबालिकाले हत्या गरेर फालेको हो भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।





नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोटः चारआली क्षेत्रकै अत्यन्त लोकप्रिय मन्टेश्वरी प्रभावकारी ढंगबाट सञ्चालित छ।

**भारती लिम्बू :** प्रिन्सिपल/फाउण्डर

एवम् **बालपुष्पिका मन्टेश्वरी परिवार**

मेचीनगर-१३, चारआली (झापा)




नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, कर्मचारी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**राजकुमार कार्कीः** सञ्चालक

एवम् **बिर्तामोड एजुकेशन फाउण्डेशन परिवार**

बिर्तामोड (झापा)

## जनहितमा जारी सूचना

१) हाम्रो स्वास्थ्य हामी वरपरको वातावरण, पशुपन्छी र वनस्पतिसँग गहिरो रुपमा जोडिएको छ। त्यसैले
  - क) सकेसम्म हिँड्ने, साइकल चलाउने, सार्वजनिक यातायातको प्रयोग गरी ऊर्जाको बचत गर्ने बानी बसालौं।
  - ख) घरपालुवा जनावरहरुलाई नियमित रुपमा खोप लगाऔं।
  - ग) विश्वसनीय विक्रेताहरुबाट मात्र खाद्यवस्तुहरु खरिद गरौं।
  - घ) चिकित्सक वा स्वास्थ्यकर्मीको सिफारिसमा मात्र एन्टीबायोटिक औषधि सेवन गरौं।
  - ङ) वन्यजन्तुलाई सुरक्षित राख्नुहोस् र जनावरहरुको अवैध व्यापारबाट टाढा रहौं।
  - च) अफवाहको भरमा नभई विश्वसनीय स्रोतबाट जानकारी लिऔं।

२) सार्वजनिक सम्पत्तिको संरक्षण गरौं, वडा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण गर्न सहयोग पुऱ्याऔं।

३) आपराधिक मनोवृत्तिका अपरिचित एवम् शंकास्पद मानिस देखिएमा प्रहरीलाई खबर गरौं।

४) जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाईँसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा अनिवार्य निःशुल्क दर्ता गरौं। दर्ता प्रमाण-पत्र सुरक्षित राखौं। यो प्रमाण-पत्र तपाईले भविष्यमा सरकारी सेवामा प्रमाणको रुपमा पेश गर्न सक्नुहुनेछ।

५) कर समयमै तिरी जरिवानाबाट बचौं।

६) वडा क्षेत्रमा जथाभावी फोहोरमैला नफालौं। वडा क्षेत्रको सार्वजनिक शौचालय प्रयोग गर्दा सरसफाईमा ध्यान दिऔं।

७) यस वडा क्षेत्रभित्र रहेको एतिहासिक मठमन्दिर, गुम्बा, विद्यालय जस्ता सार्वजनिक स्थलहरुको संरक्षण र सरसफाई गरौं।

८) आइपर्ने विपतलाई ध्यानमा राखी आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**खगेन्द्र लिङ्देन** वडा सचिव

वडा सदस्यहरुः **चन्द्रमाया तामाङ, नारायणप्रसाद चापागाई, सीतादेवी सार्की, सुमनकुमारी राई**

**सीताराम भट्टराई** वडाध्यक्ष

एवम् **अर्जुनधारा नगरपालिका वडा नं. ३ को कार्यालय परिवार**, अर्जुनधारा (खुदुनावारी), झापा

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

# करोडौँको चिया परीक्षण केन्द्र होटलमा परिणत

**झापा, वैशाख ३।** नेपालको प्रमुख चिया उत्पादक क्षेत्र इलामको सूर्योदय नगरपालिका-७ कन्याममा करोडौं रुपैयाँ लगानीमा निर्माण गरिएको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्रलाई होटल सञ्चालनका लागि निजी क्षेत्रलाई लिजमा दिने निर्णयले विवाद उत्पन्न गरेको छ।

करिब १३ करोड ९० लाख रुपैयाँको लागतमा निर्माण गरिएको उक्त केन्द्र चियाको गुणस्तर परीक्षण गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली चियाको साख अभिवृद्धि गर्ने उद्देश्यले स्थापना गरिएको हो। तर, प्रयोगशाला सञ्चालनमा ल्याउनुको साटो स्थानीय तहले व्यापारिक प्रयोजनमा केन्द्रित गर्दै निजी कम्पनीलाई जिम्मा लगाएको खुलेपछि सरोकारवाला पक्षबाट आलोचना शुरु भएको छ।

केन्द्रमा अत्याधुनिक चिया परीक्षण प्रयोगशाला (ल्याब) स्थापना गरिएको छ भने अन्तर्राष्ट्रिय खरिदकर्तालाई लक्षित गरी सुविधा सम्पन्न 'होटल शैली' को गेस्ट हाउस समेत निर्माण गरिएको छ। डबल बेड, एटेच बाथरुम, रिसेप्सन, फल्स सिलिङ जस्ता सुविधासहितको संरचना तयार भए पनि प्रयोगशाला भने सञ्चालनमा आउन सकेको छैन।



सूर्योदय नगरपालिकाले वार्षिक २५ लाख रुपैयाँ (भ्याट बाहेक) बुझाउने गरी १० वर्षका लागि निजी फर्मलाई लिजमा दिने सम्झौता गरेको जनाइएको छ। कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारी मन्त्री इस्राइल मन्सुरीले उक्त निर्णयप्रति असन्तुष्टि जनाउँदै प्रक्रिया नै गलत भएको टिप्पणी गरेका छन्।

उनका अनुसार प्रयोगशालाका लागि आवश्यक उपकरण जडान भइसकेको अवस्थामा पनि प्राविधिक जनशक्तिको अभाव देखाउँदै संरचना लिजमा दिनु दुर्भाग्यपूर्ण हो। मेसिनरी तयार छ, सञ्चालन नगरी होटल बनाउने प्रयास हुनु उचित होइन- मन्त्री मन्सुरीले भने- यो केन्द्र सञ्चालनमा आए चिया र कफी खेतीबाट प्रदेशको अर्थतन्त्रमा ठूलो योगदान पुग्न सक्छ। ल्याब सञ्चालन नहुँदा साना किसानहरूले आफ्नो उत्पादनको गुणस्तर परीक्षण गर्न पाएका छैनन्। त्यसैलाई आधार बनाएर आवासीय संरचनालाई होटलका रूपमा सञ्चालन गर्ने तयारी गरिएको भन्दै स्थानीयस्तरमै आलोचना भइरहेको छ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र अन्य प्राविधिक निकायले आवश्यक जनशक्ति उपलब्ध गराउने प्रतिबद्धता जनाए पनि नगरपालिकाले निजी क्षेत्रसँग सम्झौता अघि बढाएकोप्रति मन्त्री मन्सुरीले आपत्ति जनाएका छन्।

कार्यविधि अनुसार केन्द्रबाट प्राप्त आम्दानीमध्ये ४० प्रतिशत प्रदेश सरकार र ६० प्रतिशत स्थानीय तहले प्राप्त गर्ने व्यवस्था छ। यही प्रावधानलाई टेकेर केन्द्र लिजमा दिने प्रक्रिया अघि बढाएको बताइएको छ।

२०७७ मंसीर १८ गते तत्कालीन मुख्यमन्त्री शेरधन राईले शिलान्यास गरेको उक्त केन्द्र २०८१ मंसीर २७ गते मुख्यमन्त्री हिक्मतकुमार कार्कीले उद्घाटन गरेका थिए। यद्यपि, उद्घाटन भएको लामो समय बितिसक्दा पनि प्रयोगशाला सञ्चालनमा आउन सकेको छैन।

सूर्योदय नगरपालिकाका कार्यवाहक मेयर दुर्गाकुमार बरालले केन्द्र सञ्चालनका लागि फिक्कलस्थित उत्तम प्रगति कन्स्ट्रक्सन प्रालिसँग सम्झौता भइसकेको जानकारी दिए। कम्पनीका सञ्चालक उत्तम प्रधानका अनुसार गेस्ट हाउसलाई होटलका रूपमा सञ्चालन गर्ने, चिया परीक्षण गर्ने तथा स्थानीय उत्पादनको प्रदर्शनी गर्ने गरी योजना बनाइएको छ।

यता, प्रदेश सरकारका उद्योग, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता पशुपति पोखरेलले भने प्रारम्भिक अवधारणाअनुसार अन्तर्राष्ट्रियस्तरको प्रयोगशाला सञ्चालन गर्न थप लगानी र दक्ष जनशक्ति आवश्यक पर्ने भएकाले केन्द्रलाई बहुउद्देश्यीय रूपमा विकास गरिएको दाबी गरे।

उनका अनुसार संरचनामा चिया संग्रहालय, कन्फ्रेन्स हल तथा आवासीय सुविधा समेटिएको छ। सरकारी लगानीमा निर्माण गरिएको संरचनालाई व्यावसायिक प्रयोजनमा निजी क्षेत्रलाई सुम्पिँदा त्यसबाट चिया किसान र उत्पादकले कस्तो लाभ पाउने भन्ने विषय भने अझै अन्योलमै रहेको छ।

## साढे ...

आधारमा आरोपीहरू विरुद्ध चैत ५मा कास्की जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो। उनीहरूलाई थप अनुसन्धान र कारबाहीका लागी जिल्ला प्रहरी कार्यालय कास्कीमा पठाइएको एसपी कार्कीले जानकारी दिए।

## शुल्क ...

सङ्घको कार्यकारी समितिसँग परामर्श गरी तोकिएको अधिकतम् शुल्क सीमाभित्र रही शैक्षिकसत्र शुरु हुनु दुई महिना अघि समन्वय इकाइमा पेश गर्नुपर्ने भनिएको छ। इकाइले प्रस्तावको जाँचबुझ गरी शुल्कको दर तोकी सूचना प्रकाशन गर्नेछ। शुल्क व्यवस्थापन तथा अनुगमनका लागि केन्द्रका महानिर्देशकको संयोजकत्वमा केन्द्रीय समिति गठनको व्यवस्था गरिएको छ।

मन्त्रालयले कानून विपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण माापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानूनी प्रक्रिया अघि बढाउन गत चैत २२ गते सम्बन्धित सबै स्थानीय तहलाई अनुरोध गरेको थियो।

आफूखुशी शुल्क लिएर फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन-२०२८ बमोजिम कारवाही हुन सक्नेतर्फ मन्त्रालयले सचेत गराएको थियो। शुल्क फिर्ता निर्देशनपछि निजी बिद्यालयमाथि अभिभावकको दवाव बढेको छ। सरकारले यही वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्र प्रारम्भ गर्न निर्देशन दिएको छ।

## अब ...

वितरणको जिम्मा पनि जिल्ला प्रशासन कार्यालयले पाएको छ। राहदानी विभागले छपाई गरेको राहदानी हुलाक हुँदै जिल्ला प्रशासनमा जान्छ भने वितरणका लागि पुनः जिल्ला प्रशासनले हुलाकलाई नै भन्नुपर्ने अवस्था छ। यसो हुँदा दोहोरो खर्च र समय खपत हटाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र गृह मन्त्रालयले समन्वयात्मक रुपमा काम गरिरहेका छन्। यदि राहदानी विभागले सिधै हुलाकमार्फत वितरण गर्न सकेमा यो समस्या समाधान हुन सक्ने देखिन्छ।

हुलाक सेवाबाट कागजात नागरिकका घरमै पुर्‍याउँदा लाग्ने शुल्क निर्धारण भने भएको छैन। हुलाक सेवा विभागका महानिर्देशक भट्टराईका अनुसार सेवाग्राहीबाट रु. ५५सम्म शुल्क लिएर कागजात हुलाकमार्फत पठाउन भनिएको छ। यो शुल्क निर्धारण र मापदण्ड देशव्यापी रूपमा एकरूप हुन अझै बाँकी छ।

यसैगरी, जुनसुकै जिल्ला प्रशासन कार्यालयबाट सेवा लिन सकिने व्यवस्था मिलाउने तथा सम्पूर्ण सेवा प्रक्रिया ट्रयाकिङयोग्य र समयसीमाबद्ध बनाउने लगायत काम कसरी गर्न सकिन्छ भनेर हुलाकले गृहकार्य गरिरहेको छ। यो प्रणाली पूर्ण रुपमा लागू भएपछि सेवाग्राहीले राहदानी, लाइसेन्सजस्ता कागजात तयार भए वा भएनन् वा कुन अवस्थामा छन् र घरसम्म कहिले आइपुग्छन् भन्ने जानकारीसमेत मोबाइलमै पाउनेछन्।

## मूल्यबृद्धिले ...

ताकेता गरिरहेकाले त्यसलाई कम गर्न र केही समय चेक बाउन्स नगर्न आग्रह गरिएको छ।

झापामा सञ्चालनमा रहेका ५०० भन्दा बढी योजना प्रभावित भएको निर्माण व्यवसायी मौसम थापाले बताएका छन्। उनका अनुसार अब लाग्ने ठेक्का पनि पुरानै दररेटमा लिन सम्भव छैन। निर्माणका विभिन्न चरणमा रहेका ठेक्का सम्पन्न गर्न समस्या भएको छ- उनले भने- सरकारले ठेक्काको समयावधि लम्ब्याउने र व्यवसायीमैत्री कानून निर्माण गर्न आवश्यक छ।'

निर्माण क्षेत्रलाई स्थिर र सुरक्षित वातावरण नदिइए विकास निर्माणका काम थप प्रभावित हुने चेतावनी दिँदै संघले समयमै हस्तक्षेप नगरे निर्माण क्षेत्र ठप्प हुने अवस्था आउन सक्ने चेतावनी दिएको छ।


**भिटा बिक्रीमा**

बिर्तामोड नगरपालिका-१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर र ९.५ धुर भिटा अर्जेन्ट परेर तु-विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला।

मो. ९८१७९९०२९९/ ९८२३७२६९७९



**रोजगारीको सुवर्ण अवसर**

झापाको बिर्तामोडमा आकर्षक तलब, खाना/बस्न, सुविधासहित रोजगारीको सुवर्ण अवसर रहेकाले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

सम्पर्क नं. ९८२४९७४६९४ (9824974694)



नव बर्ष २०८३ को शुभकामना

नववर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**मनिदेवी भट्टराई : संस्थापक प्रिन्सिपल**

एवम् **विदुर इङ्लिस बोर्डिङ स्कूल परिवार**

भद्रपुर, झापा



नव बर्ष २०८३ को शुभकामना

नववर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त उपभोक्ता, कर्मचारी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**मार्स प्रसाई: प्रोपाइटर**

एवम् **मेची ग्यास इण्डस्ट्रिज प्रा.लि. परिवार**

मेचीनगर-४, गोलबारी, झापा



नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, कर्मचारी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नोट: 'एकताको बल समृद्धिको आधार, सहकारी हाम्रो साझा आधार'**

**श्री दुवागढी साना किसान कृषि सहकारी संस्था**

मेचीनगर-१४, दुवागढी, झापा



नव बर्ष २०८३ को शुभकामना

नववर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त चिकित्सक, सेवाग्राही, कर्मचारी, सरकारी तथा गैहसरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**ठाकुर पोलिक्लिनिक परिवार**

बिर्तामोड, झापा



नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोट: 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

**अजय आले मगर** – प्रिन्सिपल | **कुमार आले मगर** – संस्थापक

एवम् **सेन्ट पल्स अंग्रेजी मावि परिवार**, मेचीनगर-१३, चारआली (झापा)



नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोट: 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

**आरएस ढकाल** – संस्थापक प्रिन्सिपल

एवम् **एमिटी सेकेन्डरी स्कूल**

बिर्तामोड, झापा



नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोट: 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

**कुलदीप घिमिरे:** संस्थापक प्रिन्सिपल

एवम् **सरस्वती एन्जल इङ्लिस स्कूल परिवार**, बिर्तामोड-६, बुट्टाबारी (झापा)



नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोट: विगत ३ बर्षदेखि एसईई परीक्षामा A+ सहित शतप्रतिशत नतिजा ल्याउन सफल बालमैत्री वातावरणमा पठनपाठन हुन्छ।

**विजय भट्टराई** – प्रिन्सिपल | **बन्दना राई** – अध्यक्ष

एवम् **बालबाटिका इङ्लिस स्कूल परिवार**, मेचीनगर-१३, चारआली (झापा)



नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोट: 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

**पूर्णप्रसाद विष्ट** – प्रिन्सिपल

एवम् **अनारमनी लिवर्टी स्कूल**

बिर्तामोड-५, झापा



**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**


वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा

निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९७०८८२६९०५) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# अन्तरमनको श्रद्धाको खाँचो

नेपालमा मनाइने एक विशेष पर्व हो– मातातीर्थ औंशी यो दिन आमा र मातृत्वको सम्मान गर्ने प्रचलन छ । त्यही कारण आजको दिन आमाहरुलाई मिठा खाद्य परिकार, कपडा र अन्य उपहारहरु प्रदान गरेर आमाको मुख हेर्ने गरिन्छ । आमा नहुनेहरुले काठमाडौंको मातातीर्थ पोखरीमा स्नान गरेर आमाको स्मरण गर्दै तर्पण दिन्छन् । आमा बराबर अर्को तीर्थ छैन/हुँदैन भन्ने हाम्रो वैदिक मान्यता छ । आमाले एउटा सन्तानलाई गर्भमा लिँदा, जन्म दिँदा र उसको स्याहारसुसारमा समर्पण गरेको महत्वपूर्ण समयको ऋण कहिल्यै तिरेर सकिन्नँ भन्ने मान्यता छ । त्यही मान्यताका आधारमा आजको दिनलाई आमाको मुख हेर्ने दिन पनि भन्ने गरिएको छ ।

मातृऔंशी, मातृदिवस, मातातीर्थ औंशी आदि नामले चिनिने आजको दिन आमालाई प्रशन्न पारियो भने जीनवमा आइपर्ने संकटको समाधान सजिलै गर्न सकिन्छ भन्ने विश्वास छ । हुन पनि आमाको त्याग, तपस्या र बलिदानबाटै सृष्टिले निरन्तरता पाएको छ । आमाबिना सृष्टि सम्भव छैन, त्यसैले सन्तानले आमाप्रति सँधै आभारी हुनुपर्छ । धर्ती सरहकी आमाको सहनशीलता मात्र होइन सन्तानप्रतिको निःस्वार्थ स्नेह प्रदान गर्ने अरु कोही छैन र अरु कोही हुँदैन पनि । त्यसकारण जन्मदातृ आमाप्रति मन, वचन र कर्मले सम्मान गर्नु सन्तानको पहिलो कर्तव्य हो ।

आमा जीवित नहुनेहरुले आजको दिन मातातीर्थ गएर आमाको मुक्तिका निमित्त तर्पण दिने गर्छन् । उक्त स्थानको पोखरीमा पवित्र मनले हेरेमा दिवंगत आमाको स्वरुपको दर्शन पाइन्छ भन्ने जनविश्वास रहेको छ । भगवान विष्णुका अवतार पुरुषोत्तम श्रीराम वनवासका समयमा मातातीर्थ आइपुग्दा स्थानीय बासिन्दाका बीच युद्ध भएको धार्मिक कथन छ । त्यसबेला देवी सीतालाई प्यास लाग्यो र श्रीरामले गंगामाताको स्तुति गर्दै जमिनमा वाण प्रहार गर्दा पानीको कुण्ड बनेको धार्मिक मान्यता छ । त्यहीकारणले पवित्र तीर्थ कहलिएको मातातीर्थमा शास्त्रीय विधिले कर्मकाण्ड गरेर मृतात्माले मोक्षको गति प्राप्त गर्छन् र सन्तानले सुखसन्तोष पाउँछन् भन्ने विश्वास छ ।

वर्तमानमा आमा र सन्तानका बीचको सम्बन्ध भौतिक रुपले टाढिँदै गएको छ । सन्तान सुख र ऐश्वर्यको खोजीमा आमाबाट अलग भइरहेका छन् । यसले मन र भावनाले एक भएर पनि व्यवहारिक सम्बन्ध कमजोर भइरहेको छ । यद्यपि आमाप्रतिको सम्मान यथावत छ र भौतिक दूरी भएर पनि आधुनिक प्रविधिको प्रयोगले सन्तान आमासँगै छन् । अनि पनि प्रत्येक आमाहरु सन्तानसँगको सामीप्यता नै चाहन्छन् जो प्रविधिले जोडेर तापनि प्राप्त हुँदैन । तसर्थ आजको दिनले आमाप्रति श्रद्धा, कृतज्ञता र भक्ति जीवन्त राख्नु पर्दछ । त्यसका लागि ओठे र देखावटी प्रेम होइन आमाको सेवा, त्याग र समर्पणको मूल्यबोध गर्नुपर्छ । मातातीर्थ औंशीको प्रत्येक सन्तानलाई यही प्रेरणा प्रदान गरोस्– शुभकामना ।

# राम्रो करियरका लागि एआई कोर्षहरु



भुवन तामाङ




सूचना सञ्चार तथा प्रविधि (आई.सि.टि)को नयाँ विधाको रुप आर्टिफिसियल इन्टेलिजेन्सको (एआई)को नामबाट विकास भएको छ। आजभोलि विश्वमा यसैको चर्चा छ। मानौ एआई नै सबथोक हो। हरेक प्रश्नको जवाफ र समस्याका समाधान बताउने एआई निश्चय पनि युवाहरुका लागि आकर्षक रोजगारी सिर्जनाको माध्यम पनि बन्ने सम्भावना बढेर आएको छ। यसले राम्रो करियर बनाउने कुरामा कुनै शंका छैन। वर्ल्ड इकोनोमिक फोरमको एक रिपोर्ट अनुसार, एआईले कतिपय रोजगारीहरु खाइ दिने सम्भावना उजागर गरेको छ, तर यो पनि निश्चित छ कि एआई अब वर्तमान र भविष्य हो। फोरमको रिपोर्टमा सकारात्मक सम्भावना पनि बताइएको छ। एआईले धेरै नयाँ जागिरका अवसरहरू पनि सिर्जना गरिरहेको छ भनि उल्लेख गरिएको छ।

मोबाइल फोनदेखि बैंकिङ सिस्टम, अनलाइन किनमेल, सामाजिक सञ्जाल र स्वास्थ्य सेवासम्म हरेक ठाउँमा एआई काम गर्दैछ। विशेषज्ञहरू भन्छन्- एआईले नयाँ जागिरहरू सिर्जना गर्नेछ। फोरामको रिपोर्ट अनुसार २०२६ शुरु भएदेखि एआईको कारणले विश्वभर लाखौं नयाँ जागिरहरू सिर्जना भएका छन्। १२औं कक्षा पास गरेपछि यदि कसैले एआई क्षेत्रमै क्यारियर बनाउनुपर्दा शुरु गर्नको लागि सही कोर्ष छनौटबाट शुरूवात गर्नुपर्ने हुन्छ। यस छोटो लेखमा भारतमा उपलब्ध शीर्ष पाँच एआई कोर्षहरूबारे चर्चा गरिन्छ। जसले युवाहरुलाई बलियो करियर र राम्रो तलबको अबसर दिन सक्छन्।

**एआईका पाँच शीर्ष कोर्ष :**

दिल्लीमा टेक नीतिमा केन्द्रित थिंक ट्याङ्क, एशिया सेन्टरकी निर्देशक र प्रख्यात एआई विशेषज्ञ मेघना बल भन्छिन्- एआई तिनीहरूको लागि अवसर हो जो प्रविधिलाई बुझेर त्यससँग काम गर्न सिक्छन्। धेरै कोर्ष त सरकारले सञ्चालन गर्ने एस.डब्लु, ए.वाई.ए. पोर्टल मार्फत निःशुल्क पनि गर्न सकिन्छ। यस बाहेक जेनरेटिभ एआईका उपकरणहरू कसरी प्रयोग गर्ने भनेर सबैले आधारभूत कोर्ष गर्नुपर्छ। मेशिन लर्निङका आधारभूत अवधारणाहरू, एप्लाइड मेशिन लर्निङका आधारभूत अवधारणासँग सम्बन्धित कोर्ष गर्न सकिन्छ। जसले मेशिनले कसरी काम गर्छ भनी बुझाउने छ। एआई एप्लाइड अन बिजनेस एण्ड डाटा एनालिटिक्स जस्ता कोर्सपनि गर्न सकिन्छ। यसले डाटा ह्यान्डलबारे बुझ्न मद्दत गर्नेछ।

अर्को हुन सक्छ, एआई रिलेटेड टु प्रोडक्ट एण्ड स्ट्राटेजी म्यानेजमेन्ट, जसले प्रोडक्ट, स्ट्राटेजी र म्यानेजमेन्टसँग सम्बन्धित निर्णयहरू कसरी लिनुपर्छ भन्ने देखाउँछ। एआई कसरी प्रयोग हुनेछ ? सिक्नका लागि यो राम्रो कोर्ष हुनसक्छ। एआई साइबर सुरक्षासँग कसरी जोडिन सक्छ, यो पनि एक विशेष कोर्ष हो, तर यो विशेष रूपले इञ्जिनियरहरूको लागि कोर्ष हुन्छ। साइबर सुरक्षा र रोबोटिक्स जस्ता कोर्षहरूले इञ्जिनियरिङ्गमा करियर अगाडि बढाउने पर्याप्त अवसर दिनेछन्। तर, यदि कसैलाई करियर नै एआईमा बनाउनुछ भने प्रोफेसर आकाश सिन्हा उनीहरूको लागि पाँचवटा उत्कृष्ट कोर्सको सुझाव दिन्छन्, जुन दृढविकल्प हुन सक्छन्।

**एम.बी.ए./पी.जी. डिप्लोमा इन एआई एण्ड बिजनेश एनालिटिक्स :**

यो कोर्ष उनीहरूको लागि उपयुक्त छ जो व्यवसाय, व्यवस्थापन र व्यापार पृष्ठभूमिबाट छन् र एआई रणनीति, एनालिटिक्स र उत्पादन व्यवस्थापनमा जान चाहन्छन्। भारतीय व्यबस्थापन संस्थान आई.आई.एम.एस. भारतीय स्कूल अफ बिजनेस र अपग्रेड वा ग्रेट लर्निङ जस्ता एडुटेक कम्पनीहरूसँग सम्बद्ध भएर यो कोर्ष गर्न सकिन्छ। शुल्क लगभग डेढदेखि सात लाख रुपैयाँ पर्छ, जुन कलेज र संस्थान अनुसार फरक पर्न सक्छ। कोर्ष सकेपछि सम्भावित तलब छ देखि बीस लाख रुपैयाँको बीचमा हुनसक्छ। यो पनि कम्पनी र पदमा निर्भर गर्दछ।

**एआई सर्टिफिकेट कार्यक्रम (अनलाइन) :**

यो पनि Udacity वा अन्य अनलाइन एडुटेक प्लेटफर्ममा उपलब्ध छ। प्राध्यापक आकाश सिन्हा भन्छन् कि यसको शुल्क करिब डेढ लाख रुपैयाँको वरिपरि छ। यो तिनीहरूका लागि हो, जो बिल्कुल शुरुको चरणमा छन् र फ्लेक्सिबल लर्निङ्गसँग एआईको आधारभूत बुझाई बनाउने चाहना राख्छन्। यो कोर्ष गरेपछि पनि वार्षिक तलब १० लाखसम्म पाउन सकिन्छ।

**एम.सी.ए./एम टेक इन एआई एण्ड मेशिन लर्निङ :**

आई.आई.टी., एन.आई.टी., आई.आई.आई.टी. र धेरै अन्य प्रमुख विश्वविद्यालयबाट यो कोर्ष गर्न सकिन्छ। यसको अलावा आई.आई.टी.मा एआईसँग सम्बन्धित धेरै कोर्सहरू पनि उपलब्ध छन्। मास्टर्सको शुल्क वार्षिक एक लाखदेखि १० लाखको बीचमा हुन सक्छ, तर यो कोर्ष गरेपछि वार्षिक तलब २२ लाख रुपैयाँसम्म पाउन सकिन्छ। यो कोर्ष तिनीहरूको लागि हो जो एउटा बलियो प्राबिधिक विशेषज्ञता चाहन्छन्।

**बि.एस.सी. या बि.टेक इन एआई र डाटा साइन्स :**

दिल्ली टेक्नोलोजिकल यूनिभर्सिटी, वेल्लोर इन्स्टिट्यूट अफ टेक्नोलोजी, एमिटी यूनिभर्सिटी, सेन्ट जेवियर्स कलेज, एन.आई.टी. जस्ता ठूला संस्थानहरूबाट यो कोर्ष गर्न सकिन्छ। पूरा प्रोग्रामको शुल्क एक लाखदेखि बीस लाख रुपैयाँसम्म हुन सक्छ। सम्भावित तलब वार्षिक छ देखि १८ लाख रुपैयाँसम्म पुग्न सक्छ। यो कोर्ष तिनीहरूका लागि उत्तम हो, जसले ग्रयाजुएसनको दौरान नै एआईमा विशेषज्ञता चाहन्छन्।

**एआई बुटक्याम्प र इन्डस्ट्री प्रोग्राम :**

आई.आई.टी. मद्रास, आई.आई.टी. बम्बे र धेरै ठूला निजी संस्थानहरूमा यो कोर्ष उपलब्ध छ। शुल्क करिब एक लाखदेखि साढे तीन लाख रुपैयाँसम्म हुन सक्छ। कोर्षपछि सम्भावित प्याकेज छ देखि १८ लाख रुपैयाँ वा त्यसभन्दा बढी हुन सक्छ। यो कोर्ष करियर परिवर्तन गर्न चाहने पेशेवरहरूको लागि हो र साथै ती कामकाजी व्यक्तिहरूको लागि पनि हो, जसले एआईमा अप स्किल्ड हुन चाहन्छन्। प्रोफेसर सिन्हा बताउँछन् कि सिनियर एआई रोलमा तलब २५ देखि ४० लाख रुपैयाँ वा त्यसभन्दा बढी हुन सक्छ, खासगरी बेङ्गलुर, हैदराबाद जस्ता टेक हब र ग्लोबल टेक कम्पनीहरूमा।

नेपालमा विशेषगरी काठमाडौंमा केही टप इन्स्टिच्यूट र कलेजहरुले एआई सम्बन्धी आधारभूत तालिम तथा कोर्षहरु शुरु गरेका छन्। यहाँबाट युवाहरुले आफ्नो पायक समयमा तालिम लिएर या पढेर एआई सम्बन्धी सीप हासिल गरी करियर राम्रो बनाउन सक्छन्। इनभेष्टमेन्ट बैंक गोल्डम्यान स्याक्सको एक रिपोर्ट अनुसार एआईका कारण सन् २०३० सम्म विश्वभर तीन करोड पूर्ण कालीन जबहरू स्थापित हुन सक्छन्।

जो क्रियेटिभ डाइरेक्टरहरू छन्, लेखकहरू छन् वा कन्टेन्ट स्ट्रटेजिष्ट छन्, जहाँ आलोचनात्मक सोच आवश्यक हुन्छ, त्यहाँ एआईले सहयोग गर्न सक्छ। मानिसहरुले जसरी अनुभवबाट सिक्दै जान्छन् त्यसरी नै समयसँगै एआई प्रणाली लगातार सिक्दै र राम्रो हुँदै जान्छ। एआई मोडलहरुको विकास अर्थात् प्रोग्रामीङ्ग त्यसरी नै गरिएका हुन्छन्। यही कारणले यसलाई धेरै कामको विकल्पको रूपमा हेरिएको छ। (एजेन्सी)


**कलर दोकानको रंगिन बहार**
यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं । साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस् ।
**कलर दोकान**
बिर्तामोड नगरपालिका–४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, बाथ, मुटु सम्बन्धी समस्या, थाईराईड, राति निद्रा नलाग्ने, रक्तचाप, छाती दुख्ने, मधुमेह, फोक्सो सम्बन्धी समस्या
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक–अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस्। यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस्।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क : बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**घर ढलान गर्नुछ ?**
तपाईंको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल–पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैं सम्झनुहोस्।
सेवामा २४सैं घण्टा उपलब्ध छौं।
सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३

**आधुनिक कृषि औजार चाहिएमा**
के तपाईलाई आधुनिक कृषि औजार चाहिन्छ।
*प्रिय कृषक दाजुभाइहरु,*
तपाईहरुलाई धान गोड्ने, मकै तथा आलु गोड्ने, फलामे हलो, कर्न सिड लाइनर, किटको हलो, गोवर ब्यारो, कम्बाइन सेट, स्टिक कर्न सिडर नग्रे चाहिएमा हामीलाई सम्झनु होस्। यहाँ अफिस, स्कूल, कलेज, बगैंचा सजावटका लागि फूल रोप्ने स्टेण्ड समेत उपलब्ध छ। नेपालभरि होम डेलिभरीको व्यवस्था छ।
**कनकाई एग्रो इन्जीनियरिङ**
कनकाई–३, सुरुङ्गा, झापा
प्रो. केशर खड्का
फोन: ९८१६०६००४८, ९८४२१०५५९०

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**उक्त सबै रोगहरूको तत्काल उपचार**
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ।
पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि।
**तारा होमियो फार्मेसी**
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

UNited International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


## आजको राशिफल

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** आज बोलिको भरमा विशेष काम बन्ने योग छ, बोलिमा विचार पुऱ्याउनुहोला, छोटो दुरीको यात्रा हुनसक्ने योग छ, धैर्य रहनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, फाइदाजनक काममा व्यस्त हुने योग छ, मन हर्षित रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** मनमा उमँग बढेर जानेछ, खुशीको खबरले नयाँ जोश-जागर आउनेछ, बेलुकीपख अधिक खर्च हुने समय छ, मावली पक्षबाट शुभ समाचारको योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने तथा भाग्यले साथ दिनेछ, पारिवारिक जमघटले थोरै खर्च हुन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** तपाईको आज मन शान्त रहने छ, पारिवारिक कारणले सानो तर फाइदाजनक काम बन्नेछ, व्यर्थको यात्रा तथा खर्च बढेर जानेछ योग रहेको छ, सतर्क रहनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** आजको दिन शुभ रहेको छ, व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, विशेष निमन्त्रणामा मिष्ठान्न भोजन हुने दिन छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** समय अत्यन्तै बलवान छ, मान-सम्मान मिल्नेछ, फाइदाजनक शुखद् खबर सुनिने छ, व्यावसायमा नसोचेको फाइदाको नतिजा प्राप्त हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** आजको दिन समयले साथ दिएको छ, नचिताएको ठाउँबाट अचानक धन आगमन हुँदा मन हर्षित हुनेछ, परिवारजन खुशी हुनेछन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले मन आनन्दित हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**मिति २०८३/०१/०३ बिहीबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. ३०२,८००/-

चाँदी प्रति तोला रु. ५,२५०/-

# चन्द्रगढी महिला गोल्डकपको प्रचारका लागि रोड शो

**बिर्तामोड, बैशाख ३।** ओमसाई पाथीभरा हस्पिटल चन्द्रगढी महिला गोल्डकप आयोजक समितिले प्रतियोगिताको प्रचारप्रसारका लागि रोड शो गरेको छ।

आयोजक चन्द्रगढी युवा क्लवको अगुवाईमा भद्रपुर, बिर्तामोड, हल्दिबारी लगायतलका पालिकामा रोड शो सञ्चालन भएको क्लवका अध्यक्ष रोहित सुब्बाले जानकारी दिए। रोड शोमा क्लवका करिब ४० जना सदस्य सहभागी रहेका थिए। सहभागीहरुले गोल्डकपको जानकारी दिँदै चोक-चोकमा प्रचार गरेका थिए। मुख्य प्रायोजक ओमसाई पाथीभरा हस्पिटलका अध्यक्ष दिपककुमार पोखरेललाई धन्यवादको नारा लगाएका थिए।

बैशाख ५ गतेदेखि हुने प्रतियोगिताको खेल तालिका अनुसार उद्घाटन खेलमा पोखराको आरएस पोखरा फुटबल क्लवले त्रिभुवन आर्मी फुटबल क्लवको सामना गर्दैछ। त्यस्तै बैशाख ६ गते भुटानको थिम्पु सिटी फुटबल क्लव र चर्च ब्वाइज युनाइटेडबीच प्रतिस्पर्धा हुने सचिवालय प्रमुख हिमाल खरेलले बताए।

बैशाख ७ गते नेपाल पुलिस क्लव र आयोजक चन्द्रगढी युवा क्लव बीच प्रतिस्पर्धा हुने बताइएको छ। बैशाख ८ गते एपिएफ फुटबल क्लवले ओखलढुंगाको पदमा स्पोर्टस् क्लवबिरुद्ध खेल्नेछ।

खेल तालिका अनुसार बैशाख ९ गते पुलिस र आयोजक बीचको विजेतासँग भारतको रानी लक्ष्मीबाई स्पोर्टस् एकेडेमीले सामना गर्नेछ। बैशाख १० गते एपिएफ र पदमा बीचको विजेताबिरुद्ध संकटा फुटबल क्लवले खेल्ने बताइएको छ।

प्रतियोगिताको पहिलो सेमिफाइनल खेल बैशाख १२ गते र दोस्रो सेमिफाइनल खेल बैशाख १३ गते हुनेछ। फाइनल खेल बैशाख १४ गते हुनेछ। प्रतियोगिता भद्रपुरको मेची रंगशालामा हुनेछ। प्रतियोगिताको विजेताले नगद ११ लाख रुपैयाँ र ट्रफी पाउने आयोजकले जनाएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८३/०१/०४*

यस कम्पनीको मिति २०८२/१२/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिकको कम्पनी एस.डि. बुशान एजुकेशन कन्सल्टेन्सी प्रा. लि. (प्रा.लि. नं. ३१८४४१) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०१/०२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी सोसियल एजुकेशन एण्ड ट्रेनिङ सेन्टर प्रा.लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विद्युत सामग्री मर्मत**
यहाँ मोटर, पंखा, जग, मिक्चर लगायत सम्पूर्ण विद्युतीय उपकरणहरु ग्यारेन्टीका साथ मर्मत गरिन्छ।
स्थान : हिकोला हेरीटेजबाट उत्तर डेनियल होटल निस्किने गल्लीमा
**शिवशक्ति इलेक्ट्रीकल**
प्रो. सुरेश पोखेल
फोन :- ९८१७९४७५६७

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**अब विद्युतीय वाइक बिर्तामोडमा**
वर्तमान इन्धन अभावलाई मध्यनजर गर्दै बिजुलीबाट घरमा सजिलै चार्ज गर्न सकिने तराई पहाडका बाटोमा प्रयोग गर्न मिल्ने विद्युतीय साइकल, स्कुटर किस्ता सुविधामा पनि उपलब्ध छ। चाडै सम्पर्क गर्नुहोला।
सम्पर्क
बिर्तमोड-४, भद्रपुररोड, नेपाल विद्युत प्राधिकरण गेट पूर्व लक्ष्मण मार्केट
फोन : ९८५२६४२७२७, ९८०५५८२७२७

Ganapati Bakers
Finest Bakery in town
**गणपति बेकरीका** परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**SUNMAI SPRING**
'थोपा-थोपामा जीवन छ'
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
**कालिका डेरी,** कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

नव बर्ष २०८३ को शुभकामना
**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
केशव बस्नेत : अध्यक्ष
एवम् स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि. परिवार, बिर्तामोड-५, झापा

नव बर्ष २०८३ को शुभकामना
**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
डा.गौरीशंकर झा : सचिव  किशोर भट्टराई : अध्यक्ष
एवम् धौलागिरी पारिजात बहुउद्धेश्यीय सहकारी संस्था लि. परिवार, बिर्तामोड-४, झापा

नव बर्ष २०८३ को शुभकामना
देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा नव वर्ष २०८३ सालको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
यसै शुभ अवसरमा नयाँ शैक्षिक सत्र २०८३ को शुभारम्भसँगै अटिजम भएका बालबालिकाहरूका लागि विशेष छुटसहित भर्ना खुला गरिएको जानकारी गराउँदै सबै अभिभावकज्यूहरूमा हार्दिक अनुरोध गर्दछौं।
**क्रिएटिभ एजुकेशन सेन्टर अफ स्पेशल चाइल्ड प्रा. लि. परिवार,** बिर्तामोड नपा-५, झापा

नव बर्ष २०८३ को शुभकामना
**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
गोकुलप्रसाद अधिकारी, प्रबन्ध निर्देशक  ईश्वरीप्रसाद तिमल्सिना, अध्यक्ष
एवम् अनन्त परोपकार बचत तथा ऋण सहकारी संस्था लि. परिवार, बिर्तामोड- ४, झापा

नव बर्ष २०८३ को शुभकामना
**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
खिलबहादुर गिरी : उपाध्यक्ष  भरतलाल गिरी : अध्यक्ष
खड्ग गिरी : कोषाध्यक्ष  एवम्  चन्द्रप्रसाद गिरी : सचिव
ॐ नमः शिवाय बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड नगरपालिका- ५, झापा

नव बर्ष २०८३ को शुभकामना
**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त मजदुर, कर्मचारी, संघ-संस्था, उद्योगी, व्यवसायी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
केदार गिरी : प्रोपाइटर एवम्
कञ्चन निर्माण सेवा प्रा. लि.
कञ्चनजंघा क्रसर उद्योग, कुञ्ज एग्रिगेट प्रा. लि.
बिर्तामोड-६, बुट्टाबारी, झापा

नव बर्ष २०८३ को शुभकामना
**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
डा. गौरीशंकर झा : सचिव  किशोर भट्टराई : अध्यक्ष
धौलागिरी पारिजात बहुउद्धेश्यीय सहकारी संस्था लि. परिवार
बिर्तामोड-४, झापा

नव बर्ष २०८३ को शुभकामना
**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
कमल पराजुली, सचिव  गंगाराम ओडारी, अध्यक्ष
एवम् श्री सुनकोशी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-१, झापा

नव बर्ष २०८३ को शुभकामना
**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
सतासी बहुमुखी सहकारी संस्था लि. परिवार
बिर्तामोड- ५, झापा

नव बर्ष २०८३ को शुभकामना
**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त मजदुर, कर्मचारी, उपभोक्ता, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
सुदर्शन गिरी
एवम्
नाज टी इस्टेट प्रा. लि. परिवार
बट्टाबारी, झापा

नव बर्ष २०८३ को शुभकामना
**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
महेन्द्रकुमार गिरी, कार्यकारी प्रमुख  हरिबहादुर राजवंशी, अध्यक्ष
एवम् सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. (साकोस) परिवार
प्रधान कार्यालय बिर्तामोड नपा-२, चारपाने, झापा

नव बर्ष २०८३ को शुभकामना
**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
ग्लोरी अंग्रेजी माध्यमिक विद्यालय परिवार
बिर्तामोड नगरपालिका-४, झापा

नव बर्ष २०८३ को शुभकामना
**नव वर्ष २०८३** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
महेन्द्रकुमार गिरी, सचिव  भरतकुमार गिरी, अध्यक्ष
एवम्
सहारा नेपाल परिवार
बिर्तामोड, झापा